वन तथा वातावरण निर्देशनालय कर्णाली प्रदेश सुर्खेत को आयोजनामा वीरेन्द्रनगर ४ भैरवस्थान को भंगेरिचौर मा प्रदेशिक सहिद पार्क तथा बोटानिकल गार्डेन को सिलन्यास कार्यक्रम सम्पन्न भएकाे छ ।

कार्यक्रमलाई सम्बाेधन गर्दै कार्यक्रम का प्रमुख अतिथि तथा कर्णाली प्रदेश सुर्खेतका सांसद यामलाल कंडेलले प्रदेश निर्माणका क्रममा शाहदत प्रप्त गरेका सहिदहरुलाई स्मरण गर्ने स्थान नभएको बताएका छन् ।
उनले भन्ने `सहिदहरुकाे योगदानले नै कर्णाली प्रदेश सरकारको निर्माण भएको हाे, सहिदहरुकै कारणले हामिहरुले अधिकार प्रप्त गरेका छाैं, तर उनिहरुलाइ स्मरण गर्न योग्य स्थान नभएको कारण सहिदहरुकाे स्मरण गर्नलाइ सहयोग पुर्याउने उध्देश्यले प्रादेशिक सहिद पार्ककाे निर्माण थालिएको हाे ।´





वीरेन्द्रनगर नगरपालिका का नगरलप्रमुख देवकुमार सुवेदिले पार्क निर्माणलाइ प्रदेशकहि नमुना पार्क को रुपमा स्थापना गर्नकाे लागि निर्माण व्यावसायहरुकाे मात्रै भुमिका नभएर निर्माण व्यावसायिकहरु, स्थानिय जनसमुदाय तगा जनप्रतिनिधीहरुकाे पनि समान भुमिका रहनु पर्ने उल्लेख गरे ।

साथै उक्त पार्कलाई नमुना पार्ककाे रुपमा स्थापना गर्न अावश्यक पर्ने सहयोग समेत नगरपालिका बाट उपलब्ध गराउने प्रतिबद्धता जानाए ।

सुर्खेतमा रहेका आकर्षक तथा पर्यटकीय स्थानहरु बुलबलेताल तथा काक्रेबिहार भन्दा पनिकम नभएको प्रादेशिक सहिद पार्क प्रकृतिक हिसावमा पनि पुर्ण छ भने भौक्तिक संरचनाकाे कमि रहेको पाईन्छ ।



यस संरचनाको वृरस्तृत रुपमा विकास गर्न सकेमा महत्वपुर्ण स्थानको रुपमा समावेस गर्न सकिने स्थान भएकोे कारण उक्त स्थानलाई पर्यटकिय क्षेत्रको रुपमा प्रचार-प्रसार गर्न आवश्यक समेत रहेको छ ।

प्रादेशिक सहिद पार्कको निर्माणका लागि नजिकै रहेको वन क्षेत्रको संरक्षण हुनुका साथै वीरेन्द्रनगरको उपयुक्त स्थान भएकोले त्यस स्थानलाइ छनौट गरिएको हो । पार्क निर्माणलाइ गुणस्तरियता कायम गर्नाका लागि सबैभन्दा ठुलो भुमिका निर्माण व्यावसायको रहेको स्मरण गराउदै कर्णाली प्रदेशकै स्मरण योग्य काम गर्नु पर्ने बताइएको छ ।



जिरो ड्याममा पिक्निक खान र उक्त स्थान अवलोकन गर्नको लागि आउने आन्तरिक पर्यटनहरुको संख्यामा पनि वृद्धि भएको पाईन्छ । उक्त उद्घाटन कार्यक्रममा जनप्रतिनिधी, स्थानिय समुदाय, निर्माण व्यावसायिक , पत्रकार लगायत को समाा सहभागितामा सम्पन्न भएको थियो ।